नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

## खण्डन

नेपाल र छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीन बीचको सम्बन्धलाई लिएर केही संचार माध्यमहरुमा प्रकाशित समाचारवाट दुई पक्षीय सम्बन्धमा भ्रम सृजना हुने देखिएकोले यथार्थ कुरा बताउँदै माननीय परराष्ट्र मन्त्रीज्यू समेतको तहवाट पटक पटक स्पष्ट पारिसकिएको छ।

समाचारमा दावी गरिए झै नेपालको एक-चीन नीति बारे चीनले नेपाल सरकारको धारणा माग गरेको भन्ने विषयमा पनि परराष्ट्र मन्त्रालयसँग चिनीया दूतावासका प्रतिनिधिले त्यस्तो कुरामा कुनै सत्यता नरहेको व्यहोरा प्रष्ट पारिसक्नु भएको छ।

नेपालले छिमेकी मित्रराष्ट्रसँगको सम्बन्धलाई सधै उच्च महत्व दिई आएको र वर्तमान सरकार यो सम्बन्धलाई थप सुदृढ बनाउन प्रतिवद्ध रहेको छ। एक-चीन नीतिमा नेपाल सरकार पूर्ण प्रतिवद्ध र दृढ रुपमा अडिग रहीआएको छ। यो तथ्यलाई नजरअन्दाज गरी प्रकाशित भएका समाचारको परराष्ट्र मन्त्रालय खण्डन गर्दछ।

मित्रराष्ट्रसँगको सम्बन्धका बारेमा समाचार संप्रेषण गर्दा विषयको संवेदनशीलताप्रति आवश्यक सावधानी अपनाईदिन समेत सबैमा आग्रह गरिन्छ।

परराष्ट्र मन्त्रालय
सिंहदरवार
२०७३ कार्तिक २६

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं